# थासाङगाउँपालिका

# गाउँकार्यपालिकाकोकार्यालय

कोबाङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।०२।२७)**

यस गाउं कार्यपालिकाको कार्यालयमा निम्न खरीद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त गरेको फर्म वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धि कागजात उल्लेखित फाराम दस्तुर (फिर्ता नहुने गरी) प्रभु बैंक लि. थासाङ. शाखा कोबाङ. मुस्ताङ.मा रहेको यस कार्यालयको मुल कोष खाता नं. १९४००२०११०३९६६०००००१ मा बुझाई सक्कल भौचर, चालु आ.व.को लागि नवीकरण भएको आपुर्ति ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व. ०७४।०७५ को कर चुक्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा भर्नुपर्ने सबै विवरणहरू प्रष्टसंग भरी प्रत्येक पानामा सही छाप गरी यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं. कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र मोबाइल नं स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही अन्तिम दिनको २:०० वजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र जमानत बापतको तल उल्लेखित रकम प्रभु बैंक लि. थासाङ. शाखा कोबाङ. मुस्ताङ.मा रहेको धरौटी खाता नं. १९४००२०११०३९६६००००००४ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको विडवण्ड (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्दाको वखत दरभाउपत्रमूल्यको पाच (५) प्रतिशतले हुने रकम बराबरको नगद भौचर वा मालसामानकोवारेन्टी अवधिको लागि मान्य हुने कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

५दरभाउपत्रमा मूल्य अभिबृद्धि कर (VAT) वाहेकको दररेट उल्लेख गर्नु पर्नेछ ।

६. दरभाउपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्दछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७. म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । उत्पादक कम्पनी को BrochurerMRP list अनिबार्य पेश गर्नु पर्नेछ ।

८. एक फर्मको नाममा खरीद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

९.दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

१० कुनै पनि कारण जनाइ वा नजनाइ सम्पुर्ण वा आंशिक रुपमा शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११ नेपाल सरकारले लगाएको सम्पूर्ण कर, भन्सारशुल्क, तथा अन्य शुल्कहरु दरभाउपत्र दाताले नै व्यहोर्नु पर्नेछ ।

१२. दरभाउपत्र, स्पेसिफिकेशन, मुल्य अंकित परिमाण सूचि र अन्य सम्बन्धित कागजातरुमा कुनै त्रुटि वा फरक पर्न गएमा कार्यालयले जुन सुकै बखतमा सच्याउन सक्नेछ र सो को जानकारी कार्यालयको सूचना पाटीमा टास गरिने छ ।

१३. दरभाउपत्र सम्वन्धी अन्य आवश्यक कुरा बुझ्नुपरे कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

१४. यस सूचनामा उल्लेख नभएका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१५ कामको विवरण निम्नानुसार रहेको छ ।

| सि नं | सीलबन्दी दरभाउपत्र नं | कामको विवरण | कुल ल. ई. रकम (VAT बाहेक) | दरभाउपत्र जमानत रकम | फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२।०७५।०७६ | बर्थिङ.सेन्टर औजार उपकरण खरिद तथा ढुवानी समेत | रु. ९६२५९३ | रु. २४०६५ | रु. १०००।- |